# अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं.: ०९६-४१०२२२, ९८५८७७७०४७
e-mail: ito.amargadhimun@gmail.com
website: amargadhimun.gov.np


प.स. : ०८०/०८१
च.नं. : २८६

अमरगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय डडेल्धुरा सुदूरपश्चिम प्रदेश नेपाल

मिति: २०८०/०५/२४

**विषय: शिक्षक कर्मचारी भलिबल प्रतियोगिता सम्बन्धमा।**

**श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै,**
**अमरगढी नगरपालिका, डडेल्धुरा।**

प्रस्तुत विषयमा यस कार्यालयको आयोजना तथा श्री उग्रतारा माध्यमिक विद्यालय अमरगढी ७ पोखराको व्यवस्थापनमा राष्ट्रिय शिक्षा दिवस २०८० को अवसरमा आयोजना गरिने नगरपालिका स्तरीय शिक्षक कर्मचारी मैत्रीपूर्ण भलिबल प्रतियोगिता तपसिलको ढाँचामा सञ्चालन हुने भएकाले इच्छुक सम्पूर्ण विद्यालयहरूलाई सहभागिताका लागि अनुरोध गरिन्छ।

२०८०/०५/२४

**हेमन्तराज पन्त**
**शाखा अधिकृत**
शाखा प्रमुख

तपसिलः

१. प्रतियोगिता हुने मिति र स्थानः २०८०।०५।३१ देखि २०८०।०६।०२ सम्म उग्रतारा मावि अमरगढी ७ पोखरा।
२. खेलाडीको उमेर ३० वर्ष पूरा भएको हुनुपर्ने (जन्ममिति २०५०।०५।३० वा सोभन्दा अघिको हुनुपर्ने), तर महिलाको हकमा उमेर हद नलाग्ने।
३. प्रतियोगितामा अमरगढी नगरपालिकाका सवै सामुदायिक तथा संस्थागत विद्यालय र अमरगढी नगरपालिकाको कर्मचारीको टिम सहभागी हुन पाउनेछन्।
४. माध्यमिक विद्यालयहरूको हकमा एकमात्र विद्यालय र आधारभूत विद्यालयको हकमा कुनै दुई वटा विद्यालयले मिलेर एउटा टिम बनाउन सक्नेछन्।
५. आंशिक शिक्षक/कर्मचारीका रुपमा कार्यरत व्यक्ति खेलमा सहभागी हुन पाउने छैनन्।
६. खेलाडी पुरुष वा महिला जोसुकै हुन सक्नेछ।
७. टिम दर्ता गराउँदा संस्थाको लेटरप्याडमा बढीमा ९ जना खेलाडी विवरण सहित रु. २०००।- दर्ता शुल्क र खेलाडीहरूको नागरिकता प्रमाणपत्रको प्रतिलिपि (प्र.अ./कार्यालय प्रमुखबाट प्रमाणित) अनिवार्य हुनेछ।
८. टिम दर्ता गर्ने अन्तिम मितिः २०८०।०५।२९
९. टिमदर्ता लगायतका सम्पूर्ण प्रशासनिक कार्य व्यवस्थापक विद्यालयमा गर्नुपर्नेछ।
१०. खेलका लागि खेलाडी जर्सी अनिवार्य हुनेछ।
११. खेल प्रतियोगिता लिग कम नकआउटको आधारमा खेलाइनेछ।
१२. खेल तथा खेलाडी आधिकारिकतासम्बन्धी विवाद आएमा आयोजकको निर्णय अन्तिम हुनेछ र खेलभावना विपरितको गतिविधि गर्ने विद्यालय वा खेलाडीलाई कारबाही गरिनेछ।